# के.आई.सिंह गाउँपालिका

## स्थानीय राजपत्र

खण्ड ०८ संख्या०४ मिति२०८१/०९/०८


**भाग-०२**

## के.आई.सिंह गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमको कानून यस के.आई.सिंह गाउँपालिकाको राजपत्रमा प्रकाशन गरिएको छ।

कार्यपालिकाबाट स्वीकृत मिति:-२०८१/०९/०५

### टुहुरा-असहाय बालबालिकाको आधारभुत शिक्षामा पहुँच सुनिश्चितता तथा पालनपोषण सम्बन्धि कार्यविधि, २०८१

***प्रस्तावना :***

नेपालको संविधान २०७२ मा व्यवस्था गरिएको बालबालिकाको हकको प्रावधान अनुसार प्रत्येक बालबालिकालाई राज्यबाट आधारभुत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यामिक तह सम्मको शिक्षा निशुल्क पाउने हक हुनेछ भनि उल्लेख गरिएको सन्दर्भमा अझैपनि के आई सिंह गाउँपालिका भित्रका कतिपय टुहुरा बालबालिकाहरु उक्त अधिकारको घेरा भित्र आउन नसकिरहेको तथ्यलाई महशुस गरी गाउँपालिका भित्र रहेका उक्त अवस्थाका सबै बालबालिकालाई शिक्षाको पहुँचमा ल्याई शिक्षाको हकको प्रत्याभुति दिलाउन आवश्यक देखिएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी के आई सिंह गाउँ कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरि लागु गरेको छ।

## परिच्छेद-१

**प्रारम्भिक:**

**१. संक्षिप्त नाम र प्रारम्भः (१)** यो कार्यविधिको नाम के आई सिंह गाउँपालिकाको टुहुरा-असहाय बालबालिकाको आधारभुत शिक्षा पहुँच सुनिश्चितता तथा पालनपोषण व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ रहने छ।

**(२)** यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भई राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषाः**

**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

**(१) "टुहुरा"** बालबालिका भन्नाले जन्मेदेखि १८ वर्ष मुनिका आमा वा बुवाको मृत्यु भई आर्थिक रुपमा बिपन्न,असहाय बालबालिकाहरुलाई जनाउनेछ।

**(२) "समिति"** भन्नाले टुहुरा बालबालिकाहरुका लागि आधारभुत शिक्षा सुनिश्चितता तथा पालनपोषण व्यवस्थापनका लागि गठित गाउँपालिका स्तरीय निर्देशक समिति तथा पालिका स्तरीय समन्वय समितिलाई सम्झनु पर्दछ।

**(३) "संचालक समिति"** भन्नाले सम्बन्धित आवाशित विद्यालय संचालन गरिरहेको विद्यालयको विद्यालय व्यवस्थापन समितिलाई जनाउनेछ।

**(४) "समिति अध्यक्ष"** भन्नाले टुहुरा बालालिकाहरुका लागि आधारभुत शिक्षा सुनिश्चितता तथा पालनपोषण व्यवस्थापनका लागि गठित निर्देशक समिति र पालिका स्तरीय समन्वय समितिको अध्यक्ष समेतलाई सम्झनु पर्नेछ।

**(५) "सदस्य"** भन्नाले टुहुरा बालबालिकाकाहरुलाई आधारभुत शिक्षामा पहुँच सुनिश्चितता तथा पालन पोषण व्यवस्थापनका लागि गठित गाउँपालिका स्तरीय संचालक समितिको सदस्य समेतलाई सम्झनु पर्छ।

**(६) "सदस्य सचिव"** भन्नाले टुहुरा बालबालिकाकाहरुलाई आधारभुत शिक्षामा पहुँच सुनिश्चितता तथा पालन पोषण व्यवस्थापनका लागि गठित निर्देशक समिति,समन्वय समिति र संचालक समिति सदस्य-सचिवलाई सम्झनु पर्छ।

**(७) "शैक्षिक सामाग्री"** भन्नाले टुहुरा बालबालिकाहरुलाई उपलब्ध गराईने पाठ्यपुस्तक, शन्दर्भ सामाग्री, खेलकुद सामाग्री आदीलाई सम्झनु पर्छ।

**(८) "जोखिमपुर्ण अभ्यासहरु"** भन्नाले टुहुरा बालबालिकाहरुका लागि प्रयोग हुने कुसंस्कार जन्य भाषा, शब्द चयन, आधारभुत स्वास्थ्य, शिक्षा प्राप्तीमा प्रयोग गरिने संरचनाको पहुँच वा प्रयोगको अवस्था, अभिभावकको अभावमा सरसफाई नगरेको अवस्था तथा खानपानमा पोषणयुक्त खानाको अभाव भएको अवस्थालाई जनाउनेछ।

**(९) "लक्षित अनुगमन"** भन्नाले टुहुरा बालबालिकाहरुलाई आधारभुत शिक्षामा पहुँच सुनिश्चितता तथा पालन पोषण व्यवस्थापनका खातिर समिति, कुनै व्यक्ति, समुह, समुदाय वा सुचकांकलाई मध्य नजर गरी निश्चित समयावधीमा गरिने अनुगमनलाई जनाउँछ।

**(१०) "गाउँपालिका"** भन्नाले के आई सिंह गाउँपालिकालाई सम्झनु पर्छ।

(११) **"अध्यक्ष"** भन्नाले के आई सिंह गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्नेछ ।

(१२) **"उपाध्यक्ष"** भन्नाले के आई सिंह गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्नेछ ।

(१३) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले के आई सिंह गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(१४) **"गाउँसभा"** भन्नाले के आई सिंह गाउँपालिकाको गाउँसभालाई सम्झनु पर्नेछ ।

(१५) **"कार्यपालिका"** भन्नाले के आई सिंह गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्नेछ ।

(१६) **"न्यायिक समिति"** भन्नाले संविधानको धारा २१७ बमोजिम गठित के आई सिंह गाउँपालिकाको न्यायिक समितिलाई सम्झनु पर्छ ।

(१७) **"वडा"** भन्नाले के आई सिंह गाउँपालिका भित्र रहेका वडालाई सम्झनु पर्छ।

(१८) **"वडा अध्यक्ष"** भन्नाले गाउँपालिकाका वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

### ३. उद्देश्यः

**(१).** यस के आई सिंह गाउँपालिका भित्र रहेका टुहुरा बालबालिकाहरुलाई शिक्षा सम्बन्धि हकको पुर्ण रुपमा प्रत्याभुत गराई आमा वा बुवाको अभावमा राज्य तथा स्थानीय तह रहेको महसुस हुने गरी लक्षित वर्गको शिक्षा प्राप्त गर्ने मौलिक हकको सुनिश्चितताका गर्ने गराउने उद्देश्य रहेको छ।

**(२).** गाउँपालिका भित्र रहेका टुहुरा बालबालिकाहरुलाई अभिभावकको अभावमा शिक्षा प्राप्तिमा देखिएको कठिनाईलाई न्युनिकरण गर्ने ।

**(३).** टुहुरा बालबालिकाहरुलाई समाजको हेर्ने दृष्टिकोणलाई बदल्नु ।

**(४).** असहाय, अनाथ तथा जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने संवैधानिक हकको प्रत्याभुति गराउनु

**(५).** टुहरा बालबालिकालाई समाजमा गरिने व्यवहारको परिवर्तन गरी बालबालिकामा पर्न गएको नकारात्मक असर तथा हिनताबोधको भावलाई निराकरण गर्नु ।

## परिच्छेद-३

**संचालन गरिने क्रियाकलापहरुः**

**३.** सञ्चालन गरिने क्रियाकलापहरुः नेपालको संविधान २०७२ तथा बालबालिका सम्बन्धि ऐन, २०७५ मा भएका व्यवस्थाको पुर्णरुपले प्रत्याभुत गराउन देहायनुसारका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

**क.** प्रत्येक टुहुरा बालबालिकाहरुलाई तिनको नाम, थर, राष्ट्रियता र पहिचान सहित बाच्न पाउने संवैधानिक हकको सुनिश्चितता गर्न सघाउ पुर्याउन आवश्यक क्रियाकलाप संचालन गरिनेछ ।

**ख.** प्रत्येक टुहुरा बालबालिकालाई विना कुनै विभेद स्वतन्त्र रुपमा बाच्न पाउने हक सुनिश्चितता गर्न सघाउ पुर्याउने क्रियाकलापहरु संचालन गरिनेछ।

**ग.** प्रत्येक टुहुरा बालबालिकालाई पुर्ण रुपमा सुरक्षित भएको महसुश सहित बाच्न पाउने हक सुनिश्चितता गर्न सघाउ पुर्याउने क्रियाकलापहरु सञ्चालन गरिनेछ।

**घ.** प्रत्येक टुहुरा बालबालिकाहरुलाई शिक्षा, स्वास्थ्य तथा अन्य शैक्षिक कार्यक्रममा सहभागी हुन पाउने हक सुनिश्चितता गर्न सघाउने क्रियाकलापहरु सञ्चालन गरिनेछ।

**ङ.** प्रत्येक टुहुरा बालबालिकाहरुलाई पठन पाठनको लागि आवश्यक शैक्षिक सामाग्री, पाठ्यपुस्तक तथा विद्यालय पोषाक निशुल्क रुपमा उपलब्ध गराईनेछ।

**च.** टुहुरा बालबालिकाहरुलाई आधारभुत शिक्षामा पहुँच सुनिश्चितता तथा पालनपोषण व्यवस्थापनको लागि अवस्था हेरी आवश्यक अन्य सहयोग समेत उपलब्ध गराईनेछ।

**छ.** टुहुरा बालबालिकाहरुलाई कुनै दुर्घटनामा परि घाईते भएको तथा कुनै रोग लागि स्वास्थ्य उपचार गर्नुपर्ने अवस्थामा पालिकाको स्रोत हेरी आवश्यक आर्थिक सहयोग समेत उपलब्ध गराईनेछ।

## *परिच्छेद-४*

**संस्थागत तथा संरचनागत व्यवस्था:**

**४. (१)** टुहुरा बालबालिकाहरुलाई आधारभुत शिक्षामा पहुँच सुनिश्चितता तथा पालनपोषण व्यवस्थापन गर्न गराउन गाउँपालिका स्तरमा देहायका सदस्य पदाधिकारी रहने गरी एक **निर्देशक समिति** गठन गरिनेछ।

गाउँपालिका स्तरीय निर्देशक समिति

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | -अध्यक्ष |
| गाउँपालिका उपाध्यक्ष | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| सम्पुर्ण वडा अध्यक्ष | -सदस्य |
| शिक्षा शाखा प्रमुख | -सदस्य |
| महिला तथा बालबालिका शाखा प्रमुख | - सदस्य सचिव |

टुहुरा बालबालिकाहरुको हक हितको क्षेत्रमा कामगर्ने अन्य सरकारी वा गैरसरकारी संस्था/निकायका प्रतिनिधिलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ।

**(२)** टुहुरा बालबालिकालाई आधारभुत शिक्षामा पहुँच सुनिश्चितता तथा पालनपोषण व्यवस्थापन गर्न गराउन गाउँपालिका स्तरमा तपसिल बमोजिमको एक **समन्वय समिति** गठन गरिनेछ।

| | |
|---|---|
| गाउँपालिकाको सामाजिक क्षेत्र तथा शिक्षा क्षेत्र हेर्ने कार्यपालिका सदस्य | - संयोजक |
| महिला तथा बालबालिका शाखा प्रमुख | - सदस्य |

गाउँपालिका अन्तर्गतका सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षमध्ये निर्देशक समितिबाट मनोनित एक जना महिला समेत गरी २ जना - सदस्य

शिक्षा शाखा प्रमुख - सदस्य सचिव

**(३)** टुहुरा बालबालिकाहरूको पालन, पोषण, शिक्षा, स्वास्थ्य लगायत सम्पूर्ण व्यवस्थापकीय कार्यहरूका लागि एक संचालक समिति रहनेछ ।

## परिच्छेद-५

**५. समितिको काम कर्तव्य र अधिकार:**

**५.१.** गाउँपालिका स्तरीय निर्देशक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**क.** गाउँपालिका स्तरीय कार्यक्रम संचालन एवं समन्वय समितिको काम कारवाही संचालन गर्न आवश्यक नीति नियम कार्यविधि स्वीकृतीका लागि कार्यपालिका समक्ष पेश गर्ने ।

**ख.** गाउँपालिका स्तरीय कार्यक्रम सञ्चालन समितिद्वारा तयार पारिएको वार्षिक कार्यक्रम आवश्यक छलफल, थपघट गरी स्वीकृत गर्ने सो को सञ्चालनका लागि आवश्यक बजेट व्यवस्थापन गर्न गाउँ कार्यपालिका मार्फत गाउँ सभामा पेश गर्ने।

**ग.** संचालित कार्यक्रमको अनुगमन, मुल्यांकन गरी थप सुधारको लागि निर्देशन दिने ।

**घ.** टुहुरा बालबालिकाहरुलाई प्रदान गरिने अनुदान रकम तथा शैक्षिक सामाग्रीहरुको बारेमा निर्णय गरी कार्यान्वयनका लागि कार्यपालिका वा गाउँसभामा पेश गर्ने।

**५.२.** गाउँपालिका स्तरीय कार्यक्रम संचालन एवं समन्वय समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम रहनेछ।

**क.** टुहुरा बालबालिकाको शैक्षिक अवस्थाको अध्ययन,अनुगमन तथा मुल्याङ्कन गर्ने।

**ख.** अवस्था अध्ययन पश्चात संचालन गर्नु पर्ने आवश्यक कार्यक्रम र अपेक्षित नतिजासहितको मस्यौदा तयार पारी निर्देशक समितिमा पेश गर्ने।

**ग.** निर्देशक समितिबाट स्वीकृत भएको कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्ने गराउने ।

**घ.** संचालित कार्यक्रमको प्रभाव मुल्यांकन सहितको प्रतिवेदन निर्देशक समितिमा पेश गर्ने।

**ङ.** प्रभाव मुल्यांकनका आधारमा संचालित कार्यक्रम संशोधन तथा परिमार्जनका लागि निर्देशक समितिमा सिफारिस गर्ने ।

**च. कार्यक्रम संचालनका लागि** आवस्यक मस्यौदा तयार गरी निर्देशक समिति समक्ष पेश गर्ने ।

**५.३** संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**क.** आवाशिय विद्यालयमा अध्ययनरत बालबालिकाहरूको पालन, पोषण, शिक्षा, स्वास्थ्य लगायत सम्पूर्ण व्यवस्थापकीय कार्यहरू गर्ने ।

**ख.** आवाशिय विद्यालय संचालन गर्दा प्राप्त हुने आम्दानी र खर्चको श्रेस्ता राख्ने र प्रचलित कानून अनुसार लेखापरीक्षण गराउने।

**ग.** आर्थिक सहयोग लागि व्यक्ति, गाउँपालिका लगायत अन्य सरकारी तथा गैरसरकारी संघ-संस्था, नागरिक समाजका प्रतिनिधिहरूलाई अनुरोध गर्ने।

**घ.** आकस्मिक खर्च व्यवस्थापनका लागि गाउँपालिका समक्ष निवेदन पेश गर्ने।

**ङ.** बालबालिकाहरूको अभिभावकको जिम्मेवारी बहन गर्ने।

## ***परिच्छेद-६***

**६.** निर्देशक समिति र कार्यक्रम संचालन एवं समन्वय समितिको बैठक सम्बन्धि व्यवस्था

**६.१** निर्देशक समितिको बैठक प्रत्येक ४ महिनाको १ पटक बस्नेछ तर आवश्यक परेमा जुन सुकै समयमा पनि बैठक बस्न बाधा पर्नेछैन।

**६.२** बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ।

**६.३** समिति अध्यक्ष अनुपस्थित भएमा गाउँपालिका कार्यवाहक अध्यक्ष र कार्यवाहक अध्यक्ष समेत अनुपस्थित भएमा वडा अध्यक्ष तथा कार्यपालिका सदस्य मध्य ज्येष्ठ सदस्यको अध्यक्षतामा बैठक बस्नेछ।

गाउँपालिका स्तरीय कार्यक्रम संचालन एवं समन्वय समितिको बैठक प्रत्येक दुई महिनाको एकपटक बस्नेछ तर आवश्यक परेको खण्डमा जुनसुकै बेला पनि बस्न बाधा पर्ने छैन।

बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ।

अध्यक्षको अनुपस्थितिमा कुनै कार्यपालिका सदस्यको अध्यक्षतामा बैठक बस्नेछ।

**६.४** संचालक समितिको बैठक महिनामा कम्तिमा एक पटक र आवश्यकता अनुसार सो भन्दा बढी पटक पनि बस्न सक्नेछ।

## ***परिच्छेद- ७***

**भर्ना प्रकृया तथा बजेट व्यवस्थापनः**

**७.१** टुहुरा बालवालिका प्रमाणित हुने कागजात र सम्बन्धित वडाको सिफारिस सहित संचालक समिति समक्ष निवेदन पेश हुन आएमा संचालक समितिको सिफारिसमा निर्देशक समितिले भर्ना गर्ने/नगर्ने सम्बन्धमा निर्णय गर्न सक्ने छ।

**७.२** टुहुरा बालवालिकाहरुको खाना बनाउने,सरसफाई गर्ने तथा संरक्षण र अभिभावकत्वका लागि संचालक समितिले कर्मचारी भर्ना गर्न सक्ने छ।

## *परिच्छेद- ८*

**बजेट व्यवस्थापन तथा निकासा:**

**८.१** कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि गाउँसभाबाट स्वीकृत बजेट नै मुख्य कार्यक्रम बजेट रहनेछ। यसका अतिरिक्त यस क्षेत्रमा काम गर्ने इच्छुक अन्य निकाय, संघ संस्था तथा व्यक्तिहरुले पनि बजेट खर्च गरी कार्यक्रम संचालनमा सहकार्य गर्न सक्नेछन्। अन्य थप व्यवस्थापनका लागि यसै कार्यविधिको आधारमा मापदण्ड बनाई लागु गर्न सकिनेछ।

**८.२** निर्देशक समितिबाट स्वीकृत वा प्रमाणित तथा निर्धारण भई आइसके पश्चात आवश्यक राहत, प्रोत्साहन तथा छात्रवृती बापतको रकम टुहुरा बालबालिकालाई तिनको रकम बुझेको भरपाई लिने गरी पठन पाठन गरिरहेको विद्यालयको खातामा जम्मा गरिनेछ भने कुनै सामाग्रीहरु उपलब्ध गराउनु परेमा निजको नजिकको अभिभावक तथा संरक्षकलाई आवश्यक कागजात तयार पारी हस्तान्तरण गर्नुपर्नेछ।

**८.३** आवाशिय विद्यालय संचालनका लागि आवश्यक पर्ने गास, बास,स्टेशनरीको व्यवस्थापान गर्न गाउँपालिकाले प्रति पहिना प्रति विद्यार्थी रू. ३,२००|- का दरले सम्बन्धित विद्यालयको खातामा निकासा दिन सकिने छ।

**८.४** आवशिय विद्यालय संचालनका लागि आवश्यक कर्मचारी व्यवस्थापन गर्न गाउँपालिकाले बार्षिक रूपमा पटक-पटक वा एकमुष्ट रू. १,९५,०००|- सम्बन्धित विद्यालयको खातामा जम्मा गरिदिन सक्ने छ।

**८.५** आवाशिय विद्यालयमा अध्ययनरत बालबालबालिकाहरूको पोशाक तथा लुगा व्यवस्थापनका लागि गाउँपालिकाले बार्षिक रूपमा प्रति विद्यार्थी रू. १०,०००|- सम्बन्धित विद्यालयको खातामा जम्मा गरिदिनेछ।

**८.६** निकासा मागका लागि संचालक समितिको निर्णय र आवश्यक कागजात सहित गाउँपालिकामा निवेदन पेश गर्नुपर्नेछ।

**८.७** आकस्मिक आवश्यक सामग्री र खर्च व्यवस्थापन गर्न बजेट नपुग भएमा संचालक समितिको निर्णय सहित समन्वय समितिको सिफारिसमा निर्देशक समितिले निर्णय गरी स्वीकृतिका लागि कार्यपालिका समक्ष पेश गरेमा कार्यपालिकाले आवश्यक खर्च व्यवस्थापन गर्न सक्नेछ।

**८.८** प्रारम्भमा आवाशिय विद्यालय संचालन गर्न आवश्यक पर्ने पूर्वाधार निर्माण तथा व्यवस्थापन गाउँपालिकाले गर्नेछ।

८.९ अन्य थप व्यवस्थापनका लागि यसै कार्यविधिको आधारमा मापदण्ड बनाई लागु गर्न सकिने छ।

## *परिच्छेद- ९*

**लेखापरीक्षण तथा वित्तीय अनुशासन:**

**८.१** यस कार्यविधि अन्तर्गत रही संचालित कार्यक्रमको लेखा परीक्षण नेपाल सरकारको प्रचलित कानून अनुसार हुनेछ।

## *परिच्छेद-१०*

**विविध:**

**९.१ नियम तथा मापदण्ड बनाउन सक्ने:**

टुहुरा बालबालिकाहरुलाई आधारभुत शिक्षामा पहुँच सुनिश्चितता तथा पालनपोषण व्यवस्थापन कार्यविधि, २०८१ मा उल्लेख भएका उद्देश्यहरु पुरा गर्न आवश्यक थप कानून तथा मापदण्ड बनाउन सकिने छ।

**९.२** अमान्य हुनेः यस कार्यविधिमा उल्लेखित कुनै व्यवस्थाहरु नेपालको संविधान, २०७२ बालबालिका सम्बन्धि ऐन, २०७५ र नियमावली तथा अन्य कुनै संघीय र प्रदेश कानूनमा भएका व्यवस्थाहरु सँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

९.३ आवाशिय विद्यालय संचालनका लागि हाल सम्म गरिएका कार्य यसै कार्यविधि बमोजिम गरिएको मानिने छ।

**९.४** खारेजी : के आई सिंह गाउँकार्यपालिकाले यो कार्यविधि खारेज गर्न सक्नेछ।

आज्ञाले,
हिमाल डंगौरा
प्रमुख प्रशासकीय अधिकृत